# 'बन्द ढोका र समय' कथामा भयानक रस

**प्रेमप्रसाद तिवारी (विद्यावारिधि)**
त्रिवि, बुटवल बहुमुखी क्याम्पस, बुटवल, नेपाल
tiwari.prem828@gmail.com
*https://doi.org/10.3126/haimaprabha.v21i01.44852*

**सारसङ्क्षेप**

*महेशविक्रम शाहको छापामारको छोरो (२०६३) कथासङ्ग्रहमा सङ्कलित 'बन्द ढोका र समय' भयानक रससँग सम्बन्धित कथा हो । यस कथामा २०५२ सालदेखि २०६२ /२०६३ सालसम्मको नेपाली समाजको अवस्थालाई विषयका रूपमा चयन गरिएको छ । यस कथामा विशेषतः ग्रामीण क्षेत्रमा बसोबास गर्ने आम नेपालीको अवस्था युद्धका वेलामा कतिसम्म कमजोर भएको थियो भन्ने विषय उठान गरिएको छ । यहाँ 'बन्द ढोका र समय' कथामा रहेका विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको निरूपण गरी रसाभिव्यक्तिको अवस्था विश्लेषण गरिएको छ । यस कथामा ऊ र नन्दा प्रमुख आलम्बनका रूपमा आएका छन् । त्यस्तै कथामा निनु, हतियारधारी, छोरी, रूपसराजस्ता आलम्बनको पनि उपस्थिति पाइन्छ । युद्धले ग्रसित नेपाली ग्रामीण समाज कथामा उद्दीपन विभावका रूपमा आएको छ । कथामा आएका यिनै आलम्बनका क्रिया कायिक, वाचिक, सात्त्विक तथा आहार्य अनुभाव बनेर प्रकट भएका छन् । यिनै अनुभावको शृङ्खलाबाट कथावस्तुको संरचना निर्मित भएको छ । विश्लेष्य कथामा भय, शोक, वत्सल तथा जुगुप्सा भाव स्थायीभावका रूपमा प्रकट भएका छन् । यस कथामा चिन्ता, स्मृति, त्रास, पीडा, दैन्य, श्रम, आलस्य, आवेग, विबोध, धृति, विषाद, शङ्का, ग्लानि, औत्सुक्य, चपलता, जडता, वितर्क, अश्रु, संशय, मोह आदि व्यभिचारीभावहरू प्रकट भएका छन् । यी सबै भावद्वारा परिपुष्ट बनेको भय स्थायीभाव भयानक रसका रूपमा अभिव्यक्त भएको छ ।*

**शब्दकुञ्जी**
विभाव, अनुभाव, व्यभिचारीभाव, स्थायीभाव र रसनिष्पत्ति

## विषयपरिचय

महेशविक्रम शाह (२०२२) नेपाली साहित्यको समसामयिक धारामा कलम चलाउने कथाकार हुन् । उनको कथा यात्राको प्रारम्भ २०३५ सालको 'साप्ताहिक वार्ता' पत्रिकामा प्रकाशित 'आमा' शीर्षकको कथाबाट भएको हो । उनले सटाहा (२०५३), सिपाहीकी स्वास्नी (२०५९), अफ्रिकन अमिगो (२०६०), छापामारको छोरो (२०६३), काठमाडौँमा कामरेड (२०६५), ज्याक्सन हाइट (२०६९), भुइँखाट (२०७४) जस्ता कथा सङ्ग्रह प्रकाशन भएका छन् । उनको छापामारको छोरो कथा सङ्ग्रहले २०६३ सालको मदन पुरस्कारसमेत प्राप्त गरेको छ । उनका कथामा यथार्थताको अभिव्यक्ति, पश्चिम नेपाल र त्यहाँको वास्तविक चित्र, मानवीय जीवनको निरीहता, वर्तमान संसारमा विक्षिप्त जीवन भोगाइको अवस्था, समाजको समसामयिक जीवनको यथार्थता, युद्धले जन्माएको विध्वंस, हतियारले जन्माएको

आतङ्क, अवतारको खोजी, देशमा व्याप्त हत्या, आतङ्क र भागाभागका स्थितिमा बाँचिरहेको आजको मानिसको पीडाजस्ता पक्षहरू प्रस्तुत भएका छन् । २०५२ सालदेखि देशमा फैलिएको सशस्त्र विद्रोह र नेपाली जनताले भोग्नुपरेको कहालीलाग्दो युद्धको पीडालाई शाहले मुख्यतः आफ्ना कथामा चित्रजस्तै किसिमले प्रस्तुत गरेका छन् । शाहका कथामा युद्धको भयावह वातावरण अनि युद्धमा नेपालीले बेहोर्नुपरेको यातनाको कलात्मक प्रस्तुति पाइन्छ ।

कथाकार महेशविक्रम शाहको छापामारको छोरो कथा सङ्ग्रहमा समाविष्ट 'बन्द ढोका र समय' कथामा प्रयुक्त रसभावको अध्ययन गर्नु यस लेखको मुख्य प्राज्ञिक समस्या रहेको छ । यही समस्यासँग सम्बन्धित भई 'बन्द ढोका र समय' कथालाई रससामग्रीका आधारमा अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यसका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि रस सिद्धान्तको उपयोग गरिएको छ । यस लेखमा महेशविक्रम शाहको छापामारको छोरो कथा सङ्ग्रहमा रहेको 'बन्द ढोका र समय' कथामा प्रयुक्त विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको विश्लेषण गरी तिनैका आधारमा रसभावको अवस्था निरूपण गरिएको छ । कथामा प्रकट भएका विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावका आधारमा कथाको विश्लेषण गरी रसभाव प्रकटको अवस्था निरूपण गर्नु नै यस लेखको सीमा पनि रहेको छ ।

## सैद्धान्तिक पर्याधार

रसको अभिव्यक्तिका लागि सहयोग पुऱ्याउने साधनलाई नै रससामग्री भनिन्छ । रससिद्धान्तका प्रवर्तक आचार्य भरतले विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावलाई नै रससामग्रीका रूपमा चिनाएका छन् । आचार्य भरतद्वारा प्रतिपादित रससामग्रीका आधारमा कथाको विश्लेषण गरिएकाले यिनैलाई यहाँ विलेषणको आधार वा सैद्धान्तिक पर्याधारका रूपमा चिनाइएको छ :

'भी' धातुमा 'आनक' प्रत्ययको संयोजन भएपछि निर्माण भएको भय शब्दले डर, त्रास, भयानक आदि अर्थ बुझाउँछ । भावकमा रहेको भय भावलाई काव्यनाट्यमा चित्रित विभाव, अनुभाव तथा व्यभिचारीभावका माध्यमबाट जागृत गराउँदा भयानक रसको उत्पत्ति हुन्छ । यस रसमा विकृत शब्द सुन्नु, हिंस्रक जन्तु देख्नु, पिशाच, भूत, प्रेत आदिका कारण डराउनु, शून्य जङ्गल तथा घरमा प्रवेश गर्नु आदि विभावका कारण भयानक रसको उत्पत्ति हुन्छ । हातखुट्टामा कम्पन आउनु, आँखा ठुला पार्नु, शरीरका रौँ ठाडा हुनु, अनुहार परिवर्तन हुनु, व्यक्तिको बोली परिवर्तन हुनु आदि यस रसका अनुभाव हुन् । यस रसमा स्तम्भ, स्वेद, रोमाञ्च, वेपथु, स्वरभेद, वैवर्ण्य, शङ्का, मोह, दैन्य, आवेग, जडता, त्रास, अपस्मार तथा मरण आदि व्यभिचारीभावका रूपमा आएका हुन्छन् । विशेष गरी विकृत शब्द सुन्नु, भयङ्कर जन्तु देख्नु, युद्ध देख्नु, घना जङ्गल तथा सुनसान घरमा एक्लै बस्नु, राजा तथा गुरुजनसँग सम्बन्धित अपराध गर्नुजस्ता कारणबाट भयानक रसको उत्पत्ति हुन्छ (भरत, २०५७, पृ.३३९-३४३) । यस्तो अवस्थामा शरीरका अङ्ग आफैँ चल्ने, मुख तथा आँखामा परिवर्तन आउने, चारैतिर हेर्ने, मुख सुक्ने, शरीरका रौँ ठाडा हुनेजस्ता क्रिया प्रकट हुन्छन् । विवर्णता, गदगद, भाषण, प्रलय, स्वेद, रोमाञ्च, कम्प तथा चारैतिर हेर्नुलाई अनुभाव मानिन्छ । जुगुप्सा, आवेग, मोह, त्रास, ग्लानि, दीनता, शङ्का, अपस्मार, भ्रान्ति, मरण आदि व्यभिचारीभाव हुन्छन् (विश्वनाथ, २००८, पृ.३२८) । यसरी भय सृजना गर्ने कारक विभाव, स्वेद,

रोमाञ्च, कम्प आदि अनुभाव तथा अपस्मार, भ्रान्ति, मरण आदि व्यभिचारीभावद्वारा पुष्टि भएको भय स्थायीभाव नै भयानक रसका रूपमा परिणत हुन्छ । भयानक रसको अध्ययनका लागि विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभावको अध्ययन गर्नुपर्ने देखिन्छ । त्यसैले कथाको विश्लेषणका लागि यिनै रससामग्रीलाई आधार बनाइएको छ । यिनै रससामग्रीलाई कथाका संरचक घटकसँग सम्बन्धित बनाउँदै विश्लेषणको सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । यहाँ कथा विश्लेषणको आधार मानिएका तिनै रससामग्रीलाई सङ्क्षिप्त रूपमा चिनाइएको छ :

**स्थायीभाव**

मानिसको मनमा स्थिर वा अविचलित किसिमबाट रहने भावलाई स्थायीभाव भनिन्छ । यस्ता भावहरू उपयुक्त वेला नआएसम्म मानवीय मनमा सुषुप्त किसिमबाट रहन्छन् । उपयुक्त विभाव, अनुभाव तथा स्थायीभावद्वारा परिपोषित भएपछि रसका रूपमा प्रकट हुन्छन् । स्थिर वा अविचलित किसिमबाट रहने भएकाले नै यिनीहरूलाई स्थायीभाव भनेर सम्बोधन गरिएको हो । स्थायीभाव र व्यभिचारीभाव आन्तरिक भाव हुन् । यी दुवै भावहरूको सत्ता मानसिक हुने गर्दछ (भानुदत्त, सन् १९८८, पृ.८८) । रससामग्रीका रूपमा आउने विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभावमध्ये व्यभिचारीभाव तथा स्थायीभाव मानसिकता रहेका हुन्छन् । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई भाव भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.४४) । मनमा स्थिर रूपमा वा सुषुप्त अवस्थामा रहने भावलाई स्थायीभाव भनिन्छ । रसानुभूतिका आन्तरिक र मुख्य कारण स्थायीभाव हुन् (ढकाल, २०६७, पृ.५२) । यो विभाव, अनुभाव र व्यभिचारी भावको स्पर्श वा संयोगद्वारा रसका रूपमा अभिव्यक्त हुन्छ । यस्तो भाव जुनसुकै मान्छेको हृदयमा स्थायी रूपले रहन्छ । चरित्रको समृद्धि तथा जीवनको मूल्यको आधार नै भाव हो र आनन्दको स्वरूप पनि भाव नै हो (नगेन्द्र, सन् १९७४, पृ.३२७) । त्यसैले यसलाई स्थायी भाव भनिएको हो । स्थायीभाव रति (प्रेम), हाँसो, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा (घृणा), विस्मय (आश्चार्य) र निर्वेद गरी नौ प्रकारका हुन्छन् ।

**विभाव**

'भू' धातुमा 'वि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर निष्पन्न भएको 'विभाव' शब्दले काव्यनाट्यमा चित्रित भावलाई विभावन गर्ने तथा जागृत गराउने भन्ने अर्थ बुझाउँछ । भावकको अन्तस्करणमा रहेका रति, हास, शोक, उत्साह, भय आदि भावलाई अङ्कुरण गराउने कारणका रूपमा विभाव रहन्छ । भावकको मनमा सुषुप्त अवस्थामा रहेका स्थायीभावलाई जगाउन मद्दत गर्ने भएकाले विभावलाई रसानुभूतिको कारणका रूपमा लिइन्छ । विभावको प्रयोग विशिष्ट प्रकारको ज्ञानलाई बुझाउन गरिन्छ (भरत, २०५७, पृ.३७३) । भरतले विभावलाई विशिष्ट ज्ञानका रूपमा लिएका छन् । सामाजिकको हृदयमा वासना संस्कारका रूपमा रहेको स्थायीभावलाई विभावित गर्ने वा स्थायीभावलाई आस्वादनयोग्य बनाउन विभावन व्यापार सम्पन्न गर्ने कारणलाई नै विभाव भनिन्छ (मम्मट, सन् १९६०, पृ.१२९) । वास्तविक जीवनमा नरनारीमा रहने रति (प्रेम), घृणा, करुणा आदि चित्तवृत्तिहरूलाई प्रस्फुटित पार्नमा कारण बन्ने चरित्र वा परिवेश नै काव्य वा नाटकमा विभाव कहलाउँछन् (उपाध्याय, २०५५, पृ.२८) । विभाव आलम्बन विभाव र उद्दीपन विभाव गरी दुई प्रकारको हुन्छ :

**आलम्बन विभाव :** कथामा घटना घटाउनका लागि उपस्थित हुने पात्रहरू नै आलम्बन विभाव हुन् । आलम्बन भनेको आश्रय हो र विषय पनि हो । भावहरू उत्पन्न हुने आधार आलम्बन हो (अधिकारी, २०५०, पृ.२९) । आलम्बन विभावलाई पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई भागमा विभाजन गर्न सकिन्छ । नायकनायिकाको आलम्बनमा रसको उत्पत्ति हुने भएकाले यिनलाई आलम्बन विभाव मानिन्छ (विश्वनाथ, सन् २००८, पृ.१५२) । वास्तवमा कुनै पनि व्यक्तिको हृदयमा सुषुप्त अवस्थामा रहेको रति, हास, शोकजस्ता स्थायीभावलाई जगाउने वा बाह्य रूपमा प्रकाशन गर्ने व्यक्ति अथवा वस्तु नै आलम्बन विभाव हो ।

**उद्दीपन विभाव :** 'दीप' धातुमा 'उद्' उपसर्ग तथा 'निच्' ल्युट् (अन) प्रत्यय लाग्दा 'उद्दीपन' शब्दको निर्माण हुन्छ । यसले उद्दीप्त गर्ने, उत्तेजना दिने, प्रदीप्त गराउने व्यक्ति वस्तु तथा परिवेशलाई जनाउँछ । बाह्य परिस्थिति, उद्यान, प्राकृतिक सौन्दर्य आदिलाई उद्दीपन विभाव भनिन्छ (विश्वेश्वर, सन् २०१३, पृ.७७) । स्थायीभावलाई उद्दीप्त तुल्याउन आउने व्यक्ति, वस्तु, घटना वा स्थान आदिलाई उद्दीपन विभाव भनिन्छ । बाह्य परिस्थिति, उद्यान, प्राकृतिक सौन्दर्य आदिलाई उद्दीपन विभाव भनिन्छ (आनन्दवर्धन, सन् २०१३, पृ.७७) । आलम्बन विभावका चेष्टाहरू उचित देश तथा काल आदिलाई उद्दीपन विभाव भनिन्छ (विश्वनाथ, सन् २००८, पृ.२४०-२४१) । भयानक रसमा विकृत शब्द सुन्नु, हिंस्रक जन्तु देख्नु, पिशाच, भूत, प्रेत आदिका कारण डराउनु, शून्य जङ्गल तथा घरमा प्रवेश गर्नु आदि उद्दीप्त तत्त्व बनेर आएका हुन्छन् ।

**अनुभाव** आलम्बन विभावले उद्दीपन विभावका कारण उत्पन्न भावलाई प्रकट गर्ने माध्यमलाई नै अनुभाव भनिन्छ । अभिनयलाई वाणी, अङ्ग र सात्त्विकभावका सहायताद्वारा अनुभूतियोग्य बनाउने तत्त्व नै अनुभाव हो (भरत, २०५७, पृ.३७४) । अनुभावले भावलाई अनुभूतियोग्य बनाउने काम गर्दछ । दृष्टि, सङ्केत आदि उपयुक्त लक्षणद्वारा भाव प्रकट गर्नुलाई नै अनुभाव भनिन्छ (आप्टे, सन् १९६९, पृ.४०) । आलम्बन र उद्दीपन विभावका कारणले कुनै पनि व्यक्तिका मनभित्र उत्पन्न रति, हाँसो, शोक आदि स्थायी भाव बाह्यरूपमा प्रकट हुँदा गरिने क्रियाकलाप, अभिनय तथा अभिव्यक्तिलाई अनुभाव भनिन्छ । यिनीहरूलाई रसको कारण, कार्य तथा सहकारी पनि भन्न सकिन्छ (मम्मट, सन् २०१४, पृ.९८) । अनुभावले भाव कायिक, वाचिक, सात्विक तथा आहार्यका माध्यमबाट भावलाई प्रकाशन गर्दछ ।

**व्यभिचारीभाव** व्यभिचारी भनेको नियतरूपमा स्थिर नरहेर चलनशील हुने तत्त्व हो । पूर्वीय कायव्यशास्त्रमा ३३ प्रकारका व्यभिचारीभावलाई चिनाएको छ । विभाव र अनुभावका माध्यमद्वारा बाह्यरूपमा प्रकट भएको स्थायीभावलाई परिपुष्ट बनाउन आउने चलायमान भावहरू नै व्यभिचारी हुन् । यसैले व्यभिचारीभावलाई पूर्वीय आचार्यहरूले पानीको फोकासँग तुलना गरेका छन् । व्यभिचारीभाव आवेग, जडता, आलस्य, निद्रा, उन्माद, शङ्का, स्मृति, लज्जा, ग्लानि, चिन्ता, तर्क आदि गरी तेत्तिस प्रकारका हुन्छन् । यहाँ यिनै रससामग्रीका आधारमा महेविक्रम शाहको 'बन्द ढोका र समय' कथाको विश्लेषण गरी रसनिष्पत्तिको अवस्था निरूपण गरिएको छ ।

## छलफल तथा परिणाम

महेशविक्रम शाहको छापामारको छोरो कथासङ्ग्रहमा सङ्कलित 'बन्द ढोका र समय' कथाको

अध्ययन गरी रसभाव निरूपण गर्ने कार्यमा केन्द्रित रहेको प्रस्तुत लेखलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ। यस लेखमा 'बन्द ढोका र समय' कथामा प्रयुक्त विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको विश्लेषण गरी तिनैका आधारमा रसभावको अवस्था निरूपण गरिएको छ।

## रसभावका आधारमा 'बन्द ढोका र समय' कथाको अध्ययन

प्रस्तुत लेखमा छापामारको छोरो कथासङ्ग्रहमा सङ्कलित 'बन्द ढोका र समय' कथाका विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको पहिचान गरिएको छ । यिनै घटकका आधारमा रसनिष्पत्तिको अवस्था निरूपण गरिएको छ ।

**विभाव** 'बन्द ढोका र समय' कथामा ऊ, नन्दा, निनु, हतियारधारी, छोरी, रूपसराजस्ता आलम्बन विभाव आएका छन् । कथामा मध्यरातको वेला, एकान्त घर, युद्धजन्य परिस्थितिबाट ग्रसित नेपाली ससमाज उद्दीपनका रूपमा आएका छन् । कथामा आएका अलम्बन तथा उद्दीपन विभावले मुख्य भाव भयलाई परिपुष्ट गराएका छन् ।

**आलम्बन विभाव** 'बन्द ढोका र समय' कथामा ऊ र नन्दा प्रमुख आलम्बनका रूपमा आएका छन्। त्यस्तै कथामा निनु, हतियारधारी, छोरी, रूपसराजस्ता आलम्बन आएका छन्। कथामा यी आलम्बनमध्ये ऊ र नन्दाको मानसिक अवस्थाको चित्रण गरिएको छ। युद्धका कारण निकै त्रसित अवस्थामा जीवन बिताउन विवश भएका यी आलम्बनले नेपाली समाजको युद्धजन्य अवस्थाको प्रतिनिधित्व गरेका छन्। यी आलम्बनले भोगेको जीवनले तत्कालीन त्रासद अवस्थालाई पुष्टि गरेको छ । आफ्नै घरमा आफैँलाई असुरक्षित अनुभव गरिरहेका यी आलम्बनले त्यति वेलाको नेपालको ग्रामीण समाजका सोझासाझा व्यक्तिको प्रतिनिधित्व गरेका छन्। एकातिर आफ्नो सुरक्षा गर्नुपर्ने अवस्था र अर्कातिर आफ्ना सन्तानलाई सुरक्षित राख्न नपाइने पो हो कि भन्ने पीडाले ग्रसित बनेका ऊ र नन्दाले आफ्नो परिवारलाई सुरक्षित राख्नका लागि गरेका सङ्घर्ष कथामा अनुभावका शृङ्खला बनेका छन् । यस कथामा निनु, हतियारधारी, छोरी, रूपसराजस्ता सबै आलम्बन विभावका रूपमा आएका छन् । यी आलम्बनले कथामा उल्लेख्य भूमिका निर्वाह गरेका छैनन्। कथामा हतियारधारी व्यक्तिहरू भयको मुख्य कारकका रूपमा आएका छन्। रातको समयमा एकाएक घरबाहिर कम्ब्याट लगाएका र बन्दुक बोकेका व्यक्तिहरू आफ्नो घरको आँगनमा भरिएको देखेपछि ऊ पात्रमा भयको सञ्चार भएको छ । यहाँ ऊ पात्रमा मात्र भएको सञ्चार भएको छैन । उसकी श्रीमती नन्दामा पनि भयको सञ्चार भएको छ। नन्दा र उसको श्रीमान् युद्धजनित भयबाट सन्त्रस्त बनेका छन्। उनीहरू एकातिर जीवन रक्षाको भयबाट ग्रसित भएका छन् भने अर्कातिर भौतिक सम्पत्तिको रक्षाका लागि समेत छटपटिएका छन् । उनीहरूले आफ्नो घरमा आएका मानिसहरूलाई देखेपछि आफ्नै गाउँमा घटेका अन्य घटनालाई सम्झिएर अझै दुःखी र पीडित भएका छन् । कथाका सम्पूर्ण घटनाहरू यिनीहरूकै क्रियाकलापसँग जोडिएर अगाडि बढेका छन्। यी पात्र युद्धका कारण चिन्तित तथा अत्यन्तै भयभीत बनेका छन् । यी पात्रहरूले गरेका क्रियाकलापबाट भयभाव स्पष्ट रूपमा व्यक्त भएको छ । यस कथामा द्वन्द्वले ग्रसित भएका नेपालीहरूको त्रासद मानसिकताको चित्रण गरिएको छ । नेपाली समाजका सोझासाझा जनतामा युद्धले कतिसम्म नकारात्मक प्रभाव पारेको थियो भन्ने यथार्थ अभिव्यक्ति यहाँ रहेको छ (तिवारी, २०७७, पृ २५१) । कथामा आएका पात्रमध्ये नन्दाको भूमिका प्रमुख

रहेको छ । उसैका क्रियाकलापहरू कथानकका रूपमा विस्तार भएका छन् । नन्दा र उसको श्रीमान् दुवैका क्रियाकलापका माध्यमबाट कथामा भय भावको अभिव्यक्ति भएको छ ।

**उद्दीपन विभाव** 'बन्द ढोका र समय' कथामा युद्धले पीडित बनेको नेपाली समाजलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा तत्कालीन ग्रामीण जनजीवन उद्दीपक घटकका रूपमा आएको छ । तत्कालीन ग्रामीण जनजीवन तथा त्यहाँ बसोबास गर्ने मानिसको अवस्थाले पनि भय भावलाई नै पुष्टि गरेको छ । यस कथामा युद्धले सन्त्रस्त बनाएको नेपालको ग्रामीण क्षेत्र उद्दीपन विभावका रूपमा आएको छ । घरमा मानिसहरू आउँदा पनि डराउनुपर्ने २०५२ देखि २०६२/२०६३ सम्मको अवधिका सन्दर्भ यस कथामा आएका छन् । मानिसले कुनै नयाँ मानिस भेट्दा पनि सन्त्रस्त बन्नुपर्ने नेपालको तत्कालीन अवस्था कथामा आएको छ । ऊ पात्र निद्राबाट बिउँझिँदा बाहिर ढोकाबाट अपरिचित आवाज आइरहेको प्रसङ्गबाट कथाको प्रारम्भ भएको छ । कथाको प्रारम्भमा नै भय भावलाई सङ्केत गर्ने उद्दीपन विभावको प्रस्तुति दिइएको छ ।

बन्द ढोकाबाहिरबाट अपरिचित आवाज आइरहेको थियो । केको आवाज हो यो ? उसले ध्यान दिएर सुन्यो । घरबाहिर बुट बजारेको, मान्छेहरू फुसफुसाएको, पिठिउँबाट कुनै गह्रौं वस्तु ओरालेर भुइँमा राखेको जस्तो आवाजसँगै गलाबाट निस्केका थकित स्वरहरू आह, ओह, उफ् गुन्जिरहेका थिए (शाह, पृ. ७३) ।

माथिको कथांशमा रातीको समयमा कुनै मानिस आफ्नो घरमा आएर आफूहरूलाई नियन्त्रणमा लिन खोजेको जस्तो बुझाइमा रहेको नन्दाको श्रीमान्मा एकाएक भय भाव सञ्चारित भएको छ । यहाँ बुट बजारिनु, मान्छेहरू गुनगुनाएको आवाज आउनु, कुनै गह्रौं वस्तु भुइँमा राखिनु जस्ता क्रियाहरू भयकै कारक बनेका छन् । यस्तो परिवेशका माध्यमबाट पनि भय स्थायीभावलाई उद्दीप्त तथा परिपुष्टि गरिएको छ । २०५२ सालदेखि २०६२/०६३ सालसम्म हरेक ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका नेपालीले यस्तो त्रासद भयावह परिस्थितिको सामना गर्नुपरेको सत्य कथामा प्रकट भएको छ । कथामा लेखकले युद्धप्रारम्भ भएपछि नेपालको अवस्था एकाएक परिवर्तन हुँदै गएको प्रसङ्ग उठाएका छन् । कथामा भयलाई जनाउने यस्तो प्रसङ्ग पनि प्राप्त गर्न सकिन्छ :

> ऊ ओछ्यानबाट जुरुक्क उठ्यो र सिधै दैलानेर पुग्यो । उसले ढोकाको प्वालबाट बाहिर हेऱ्यो । बाहिर आँगनमा बन्दुक बोकेका मान्छेहरूको एक जत्थाले घर घेरिरहेको थियो (शाह, पृ.९) ।

> माथिको कथांशमा बन्दुकधारी व्यक्तिहरू घरको आँगनमा भरिएको कथा प्रसङ्गबाट भय भावलाई थप उद्दीप्त पार्ने कार्य भएको छ । नयाँ मानिस घरमा आउँदासमेत डराउनुपर्ने तत्कालीन समयमा बन्दुक बोकेका मानिसले घरलाई घेराबन्दीमा पारेको प्रसङ्गबाट भय भावले अझ सशक्त स्वरूप प्राप्त गरेको छ ।

> आँगनमा कम्ब्याट पोसाक लगाएका मान्छेहरू दुईतीन घेरा बनाएर अझै पनि बसेका थिए । कोही राइफल सोझ्याएर उभिएका थिए । तिनीहरू थकाइले गलेझैँ देखिन्थे, तर अनुहारमा अझै क्रूरताको भाव अझै विद्यमान थियो (शाह, पृ.७३-७४) ।

माथिको कथांशमा भयलाई पुष्टि गर्ने किसिमका उद्दीपक घटकको उपयोग गरिएको छ । युद्धको

समयमा आँगनमा कम्ब्याट लगाएका मानिसहरू हतियारसहित घेरा हालेर बसेको कथा सन्दर्भले भयलाई परिपुष्टि गरेको छ ।

> ढोकाबाहिर केही हलचल भएझैँ भयो । कसैले ढोका ढकढक्याएझैँ लाग्यो ती दुवैलाई । "सायद तिनीहरू ढोका ढकढक्याउन थाले । मैले अब ढोका खोलिदिनुपर्छ नन्दा !" उसले निन्याउरो अनुहार लगाउँदै भन्यो (शाह, पृ.९) ।

कथांशमा घरभित्र बसेका नन्दा र उसको श्रीमान् भयका कारण अत्यन्त कमजोर अवस्थामा पुगेका छन् । उनीहरूलाई घरभित्र बस्दा पनि कसैले ढोका बजाए जस्तो लागिरहेको छ । त्रासका कारण युद्धको अस्थामा मानिसले आफ्नो स्वाभाविक चेतनासमेत गुमाएका थिए भन्ने कुराको पुष्टि माथिको कथांशले गरेको छ ।

यसरी 'बन्द ढोका र समय' कथामा नन्दा र उसको श्रीमान्ले भोगेका युद्धजन्य विषयको प्रस्तुति दिइएको छ । कथामा नेपाली ग्रामीण समाजको युद्धजन्य भयावह उद्दीपन विभावले भय स्थायीभाव भएको भयानक रसलाई पुष्टि गरेका छन् । भय स्थायीभावलाई उद्दीप्त तुल्याउने गरी उद्दीपन विभाव कथामा आएका छन् । कथामा चित्रित उद्दीपन विभावले भय स्थायीभावलाई समर्थन गरेको कारणले उद्दीपन विभाव र स्थायीभावका बिचमा सम्बन्ध रहेको छ । नन्दा र उसको श्रीमान्सँग जोडिएका भयप्रद अवस्थाको चित्रण गरी ग्रामीण समाजका नेपालीहरू द्वन्द्वको अवस्थामा नेपालीहरू कतिसम्म सन्त्रस्त जीवन बिताउन विवश थिए भन्ने विषय कथामा चित्रित उद्दीपन विभावका माध्यमबाट स्पष्ट पारिएको छ । प्रस्तुत कथामा कथाकारले कुनै एउटा गाउँलाई मात्र उद्दीपक स्थलका रूपमा प्रस्तुत नगरी युद्धजन्य त्रासद वातावरणमा रहेका नेपालका सबै ग्रामीण क्षेत्रलाई उद्दीपन विभावका रूपमा प्रस्तुत गरेका छन् । सशस्त्र द्वन्द्व चलिरहेको अवस्थाको नेपालको ग्रामीण जनजीवनको चित्रण कथामा गरिएको छ । कथामा आएका यी सबै उद्दीपक घटकले कथाको अङ्गी भावका रूपमा आएको भय स्थायीभावलाई भयानक रसमा परिणत गर्नका लागि सहयोग पुऱ्याएका छन् । त्यसैले 'बन्द ढोका र समय' कथा अलम्बन तथा उद्दीपन विभावका दृष्टिले निकै सशक्त रहेको छ ।

**अनुभाव**

'बन्द ढोका र समय' कथामा हतियारधारी व्यक्तिहरूलाई विषयालम्बन बनाइएको छ भने यिनैका सबैका कारण भयको अनुभूति गरिरहेका नन्दा र उसको श्रीमान् आश्रयालम्बनका रूपमा आएका छन् । कथामा आएका विषयालम्बन तथा आश्रयालम्बनका माध्यमबाट अनुभाव प्रस्तुत भएका छन् । कथामा आएका यिनै कार्यरूपी अनुभावलाई कायिक, वाचिक, सात्विक र आहार्य प्रकारमा वर्णन गर्न सकिन्छ । कथामा प्रकट भएका अनुभावलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

'बन्द ढोका र समय' कथामा चित्रित भएका विषयालम्बन तथा आश्रयालम्बनका शारीरिक क्रियाका माध्यमबाट अभिव्यक्त भएका क्रियाकलापलाई कायिक अनुभावका रूपमा तलका साक्ष्यका आधारमा पुष्टि गरिएको छ :

> "यिनीहरू यहाँबाट हिँडेकै हुन् त नन्दा ?" नन्दाको उत्तरको प्रतीक्षा नै नगरी उसले फेरि भन्यो, "झ्यालको प्वालबाट चियाएर हेरौँ त !" ती दुवै जना झ्यालबाट बाहिर चियाउन थाले (शाह,

पृ.७) ।

'बन्द ढोका र समय' कथामा युद्धकालीन अवस्थाका आम नेपालीहरूको मानसिकताको चित्रण गरिएको छ । युद्धको अवस्थामा ग्रामीण नेपाली समाजले भोग्नुपरेका युद्धजन्य बाध्यतासँग जोडिएका अभिव्यक्तिहरू प्रस्तुत कथामा भेटिन्छन् । तिनै भय स्थायीभावसँग जोडिएका अभिव्यक्तिलाई वाचिक अनुभावका रूपमा लिई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

मैले अब ढोका खोलिदिनुपर्छ नन्दा !" उसले निन्याउरो अनुहार लगाउँदै भन्यो (शाह, पृ. ७३) ।

"बाहिर बन्दुक बोकेका मान्छेले हाम्रो घर घेरेका छन् ।" उसले दबेको आवाजमा नन्दासँग साउती गऱ्यो (शाह, पृ. ७३) ।

नन्दा, यिनीहरू हाम्रै घरमा किन आए ? उसले नन्दाको कान नजिकै फुसफुसायो । किन आए हुन् बुढा ? मैले कसरी चाल पाउनु ! उसले अनभिज्ञता व्यक्त गरी (शाह, पृ.७४) ।

'बन्द ढोका र समय' कथामा विबोध, श्रम, आलस्य, स्वेद, त्रास, स्तम्भ, वेपथु, वैवर्ण्य, दैन्य, चिन्ता, शङ्काजस्ता भाव प्रकट भएको पाइन्छ भने अन्य भावहरूले मुख्य भाव बनी आएको भयलाई नै परिपुष्टि गरेका छन् ।

गलाबाट निस्केका थकित स्वरहरू आह, ओह, उफ् गुन्जिरहेका थिए (शाह, पृ. ७३) ।

अब के गर्ने होला कसरी बाँच्ने होला निनुका बा ! नन्दाले चिन्ता व्यक्त गरी (शाह, पृ. ७३) ।

"मैले अब ढोका खोलिदिनुपर्छ नन्दा !"उसले निन्याउरो अनुहार लगाउँदै भन्यो (शाह, पृ.७५) ।

'बन्द ढोका र समय' कथामा नेपालीहरूले भोगेको युद्धको भयावह अवस्थाको चित्रण गरिएको छ । कथामा आएका आलम्बन विभावले आहार्य अनुभावका माध्यमबाट समेत भावको अभिव्यक्ति दिइएको पाइन्छ । यहाँ कथाको स्थायीभावलाई पुष्टि गर्ने खालका वस्त्रभूषणादिको प्रयोग पाइन्छ । विश्लेष्य कथामा भावगत अभिव्यक्तिका लागि प्रयोग गरिएका आहार्य अनुभावलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

आँगनमा कम्ब्याट पोसाक लगाएका मान्छेहरू दुईतीन घेरा बनाएर अझै पनि बसेका थिए । कोही राइफल सोझ्याएर उभिएका थिए (शाह, पृ.७३-७४) ।

'बन्द ढोका र समय' कथामा आएका माथिका कथांशले स्थायीभावका रूपमा प्रकट भएको भय स्थायीभावको कार्यको भूमिका निर्वाह गरेका छन् । कथामा भय भाव प्रकट भएपछि देखिएका कायिक, वाचिक, सात्विक तथा आहार्यले मुख्य भाव भयकै अभिव्यक्तिमा सहयोग पुऱ्याएका छन् । कथाका प्रमुख पात्र नन्दा र उसको श्रीमान्ले घरमा आएका हतियारधारीका कारणले भयको अनुभूति गर्न पुगेका छन् । भयको अनुभूत भएपछि उनीहरूले देखाएका गतिविधि नै अनुभावका रूपमा प्रकट भएका छन् । हतियारधारी व्यक्तिले लगाएका पोसाक तथा उनीहरूले लिएका हतियारबाट पनि भयको अभिव्यक्ति भएकाले कथामा आहार्य अनुभावले पनि भय स्थायीभावलाई भयानक रसका रूपमा अभिव्यक्त गर्न सहयोग पुऱ्याएका छन् । कथामा आएका यिनै अनुभावको शृङ्खलालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**अनुभावको शृङ्खला**

'बन्द ढोका र समय' कथामा रातीको समयमा ऊ पात्र अचानक निद्राबाट बिउँझिनु र उसले

आफ्नै घरमा अपरिचित मानिसहरूको जमघट भएको पाउनु जस्ता घटनाबाट कथाको प्रारम्भ भएको छ । बाहिर कुनै अज्ञात समूह आएको पनि थाहा पाउनु, उनीहरूको आवाजका कारण ऊ पात्र निद्राबाट बिउँझिनु, उसले कसले के आवाज दिएको हो भनी ध्यानपूर्वक सुन्नु, ढोकाको सानो प्वालबाट हेर्दा हतियारधारी मासिनहरू घरैभरि देखिनु, घरभरि हतियारधारी व्यक्तिहरू जम्मा भएकाले ऊ पात्र र उसकी श्रीमती डराउनु, बाहिरबाट लगातार आवाज आए पनि उनीहरूले ढोका नखोल्नु, उनीहरूलाई आफ्नो घरमा मात्र हतियारधारी मानिस आएको जस्तो लाग्नु, आफूहरू हतियारधारी व्यक्तिको निसानामा परेको उनीहरूले ठान्नु, उनीहरूलाई चिन्ताले सताउनु, आफूहरूले कुनै गल्ती नगर्दा पनि सैनिक र विद्रोहीको निसाना बन्नुपरेकाले उनीहरू चिन्तित हुनु, यस्तै हतियारधारी मानिसले गाउँमा आएर अन्नपात लुटेर लगेको कुरा सम्झँदै उनीहरू चिन्तित बन्नु, नन्दाले उनीबाट बचाउनका लागि घरभित्र रहेका खाल्डामा अन्न राख्नु, नन्दाले आफूसँग भएका गहना पनि छानाको प्वालमा लुकाउनु, त्यही वेला नन्दाले आफ्नो छोराको फोटो देख्नु, फोटाका आधारमा छोरो उनीहरूलाई बुझाउनुपर्ने चिन्ताले छोराको फोटो लुकाउनु, नन्दालाई रूपसराको श्रीमान्लाई जस्तै आफ्नो श्रीमान्लाई पनि हतियारधारीले केही गर्ने हुन् कि भन्ने चिन्ताले सताउनु, त्यही वेला आफ्नी युवती छोरीको सम्झना आउनु, छोरीलाई हतियारधारीबाट बचाउने विषय स्मरण गर्दा उनीहरूको अवस्था अझ कमजोर बन्नु, छोरीलाई कहाँ लगेर लुकाउने होला भन्ने चिन्ताले तिनीहरूलाई पिरोल्नु, विभिन्न ठाउँमा लगेर छोरीलाई लुकाउने प्रयास गर्नु, बाबुआमाले आफूलाई लुकाउनका लागि गरेका प्रयास देखेर छोरी पनि आत्तिनु, छोरीलाई विभिन्न ठाउँमा लुकाउने प्रयास गर्दागर्दै बाहिर सूर्योदय भइसकेको हुनुजस्ता अत्यन्तै भयप्रद घटनाहरूको संयोजन गरी यस कथाको रचना गरिएको छ ।

**व्यभिचारीभाव**

'बन्द ढोका र समय' कथामा चिन्ता, स्मृति, त्रास, पीडा, दैन्य, श्रम, आलस्य, आवेग, विबोध, धृति, विषाद, शङ्का, ग्लानि, औत्सुक्य, चपलता, जडता, वितर्क, अश्रु, संशय, मोह आदि व्यभिचारीभावहरू प्रकट भएका छन् । कथामा आएका सबै व्यभिचारीभावहरूले भय स्थायीभावलाई पुष्टि गरेका छन् । कथामा अनुभावका रूपमा आएका कथाका शृङ्खलालाई परिपुष्ट अवस्थामा पुऱ्याउनका लागि कथामा यी व्यभिचारीभाव आएका छन् । कथामा मुख्य किसिमबाट व्यभिचारीभाव प्रकट भएका केही कथांशलाई निम्नानुसार देखाउन सकिन्छ :

अचानक ऊ निद्राबाट बिउँझ्यो (शाह, पृ.७३) ।

आफूलाई सामान्य राख्ने कोसिस गर्दागर्दै पनि उसको अनुहार डरले कालोनिलो भयो (शाह, पृ.८) ।

शरीर उसको नियन्त्रणबाट उन्मुक्ति पाएझैँ गरी लुगलुग काँप्न थाल्यो (शाह, पृ.७३) ।

"अब के गर्ने होला ? कसरी बाँच्ने होला निनुका बा !" नन्दाले चिन्ता व्यक्त गरी । उसले आफ्नो लोग्नेको अनुहार नियाली । उसको अनुहार तनावग्रस्त देखिन्थ्यो (शाह, पृ.७३) ।

यस विचारले उसको डर झन् दुगुना भयो । रातको वेला कहाँबाट र किन आए होलान् यिनीहरू ? उसले मनमनै सोच्यो र आफैँसँग उत्तर खोज्ने प्रयास गऱ्यो (शाह, पृ.७४) ।

'बन्द ढोका र समय' कथामा आएका व्यभिचारीभावले स्थायीभावको परिपुष्टिमा सहयोग पुऱ्याएका छन् । कथामा प्रकट भएका चिन्ता, स्मृति, त्रास, पीडा, दैन्य, श्रम, आलस्य, आवेग, विबोध, धृति, विषाद, शङ्का, ग्लानि, औत्सुक्य, चपलता, जडता, वितर्क, अश्रु, संशय, मोह आदि व्यभिचारीभावले भावकेन्द्र बनेको भयलाई भयानक रसका रूपमा परिणत गराउनका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् । कथामा घरबाहिर आएका हतियारधारीको आवाजसँगै ऊ पात्र बिउँझिएको छ । निद्रको अवस्थामा रहेको पात्र बिउँझिदा विबोध व्यभिचारीभाव प्रकट भएको छ । युद्धबाट आएका व्यक्तिहरूमा श्रम तथा आलस्य भाव प्रकट भएको पाइन्छ । नन्दाले आफ्नो घरमा हतियारधारी आएको थाहा पाउँदा त्रसित भएकी छ । अर्कातिर उसमा एकाएक कम्पन उत्पन्न भएको छ । आफ्ना घरमा मात्र हतियारधारीको प्रवेश भएको सम्झिएर ऊ पात्र निकै चिन्तित बन्न पुगेको छ । घरबाहिर हतियारधारीको घेरा रहेको छ अनि घरभित्र परेका नन्दाको परिवारका सदस्यहरू चिन्ताले ग्रसित बन्न पुगेका छन् । यसरी नै कथामा मुख्य भावका रूपमा आएको भय स्थायीभावलाई परिपुष्टि गर्ने व्यभिचारीभाको प्रयोग कथामा गरिएको छ । यिनै व्यभिचारीभावबाट परिपुष्ट बनेको भय स्थायीभाव भयानक रस बनेर अभिव्यक्त भएको छ ।

'बन्द ढोका र समय' कथाको प्रारम्भदेखि समापनसम्मका सम्पूर्ण घटनाक्रम भय स्थायीभावको परिपुष्टिमा केन्द्रित हुन पुगेका छन् । कथाको अनुभावका रूपमा आएका घटनाक्रमहरूलाई विभिन्न भावहरूले पुष्टि गरेका छन् । कार्यकारण शृङ्खलामा उनिएका घटनाहरूको संयोजनबाट कथावस्तुको संरचना निर्मित भएजस्तै विभाव, अनुभाव र स्थायीभावको परिपुष्टिको लागि व्यभिचारीभाव आएका छन् । 'बन्द ढोका र समय' कथामा चिन्ता, स्मृति, त्रास, पीडा, दैन्य, श्रम, आलस्य, आवेग, विबोध, धृति, विषाद, शङ्का, ग्लानि, औत्सुक्य, चपलता, जडता, वितर्क, अश्रु, संशय, मोह आदि व्यभिचारीभावले भय स्थायीभावलाई परिपुष्टि गरेका छन् ।

**स्थायीभाव**

'बन्द ढोका र समय' कथामा भय स्थायीभाव अङ्गी बनेको छ । हतियारधारीले गाउँमा गरेका क्रियाकलापको स्मरणमा शोक भावको अभिव्यक्ति पाइए पनि यो अङ्ग भावका रूपमा आएको छ । शोक स्थायीभावबाट पनि भयलाई नै परिपुष्टि गरिएकाले यस कथामा भय स्थायीभाव मुख्य बनेको छ । यस कथामा नन्दा र उसको श्रीमान्ले कुनै रात्रिको समयमा भोगेका भयप्रद घटना कथामा आएका छन् । नन्दाको श्रीमान् एकाएक रात्रिको समयमा बिउँझिएको छ । उसले बिउँझिँदा घरलाई घेरा हालेर बसेका हतियारधारीलाई देखेको छ । घरमा हतियारधारीको प्रवेश भएको जानकारी पाएपछि उसकी श्रीमती नन्दा पनि बिउँझिएकी छ । घरलाई घेरा हालेर बसेका हतियारधारीलाई देखेपछि उनीहरू निकै पीडित बन्न पुगेका छन् । उनीहरू एकातिर आफ्नो ज्यान कसरी बचाउने भन्ने चिन्ताले ग्रसित भएका छन् भने अर्कातिर आफ्ना छोराछोरीलाई कसरी बचाउने भन्ने चिन्तबाट पीडित भएका छन् । गाउँमा हतियारधारीले गरेका क्रियाकलापलाई सम्झँदा उनीहरूले आफ्नो जीवनको आशा नै मारिसकेका छन् । त्यति वेलाका मानिस जङ्गलमा गए जङ्गलका भनेर सैनिकले कारबाही गर्ने अनि सहरमा गए सहरका भनेर युद्धरत पक्षले कारबाही गर्ने अवस्थामा पुगेका थिए । सामान्य जन साधारणले केही नगर्दा पनि अनेक समस्या झेल्नुपर्ने परिस्थिति रहेको विषय कथामा आएको छ । घरमा छोराको फोटो देख्दा पनि हतियारधारी

व्यक्तिलाई बुझाउनुपर्ने हो कि भन्ने सन्त्रासबाट नन्दा सन्त्रस्त छ भने अर्कातिर आफ्नै घरमा जवान छोरी पनि छ । छोरीलाई हतियारधारीबाट बचाउनका लागि नन्दाले विभिन्न ठाउँ हेर्छे तर उसलाई कुनै पनि ठाउँ सुरक्षित लाग्दैन । छोरीलाई विभिन्न ठाउँमा लुकाउने प्रयत्न गर्दागर्दै बिहान सूर्योदय हुन पुग्दछ । यसरी परिवार तथा आफ्नो रक्षाका लागि प्रयत्न गर्दागर्दै बिहान भएको पत्तासमेत उनीहरूले पाएका छैनन् । यस्तो त्रासद तथा भयप्रद अवस्थाबाट कथाका मुख्य पात्रले रात कटाएको विषय यहाँ चित्रण गरिएकाले प्रस्तुत कथामा भय स्थायीभाव मुख्य बनेर प्रकट भएको छ । कथाका आलम्बनहरूले भोगेको जीवनबाट भयभाव प्रकट भएको छ भने अन्य भावहरूको शृङ्खलाले भयभावलाई पुष्टि गरेका छन् । कथामा एकातिर भयभावको सशक्त प्रस्तुति दिइएको छ भने अर्कातर्फ तत्कालीन समयका मानिसको मनोविज्ञानको पर्यवेक्षण पनि गरिएको छ । युद्धले जस्तोसुकै सकारात्मक परिवर्तनको नेतृत्व नै किन नगरोस् त्यो जनताका लागि त्यति रुचिकर हुन नसक्ने मनोविज्ञानको प्रस्तुति कथामा पाइन्छ । कथाले त्रास र असुरक्षाको मारबाट पीडित नेपालीहरूको वास्तविक अवस्थाको प्रस्तुति दिएको छ ।

## गुण

'बन्द ढोका र समय' कथामा रसानुकूल भाषा तथा भावको परिपुष्टि गर्न सक्ने किसिमबाट प्रसाद गुणको प्रयोग गरिएको छ । नन्दा र उसको श्रीमान्ले एक रात आफ्नै घरमा भोगेको डरलाग्दो परिस्थितिसँग कथाको विषय जोडिएको छ । कथामा उनीहरूले रात काट्ने क्रममा भोगेका त्रासद अवस्थासँग सम्बन्धित व्यभिचारीभावहरूले अनुभावका रूपमा विस्तारित कथावस्तुलाई सुगठित बनाएका छन् । कथामा भयसँग सम्बन्धित विषयलाई पुष्टि गर्ने किसिमका अभिव्यक्ति आएका छन् । रातभर हतियारधारी व्यक्तिसँग आफू बच्न र आफ्नो परिवारलाई सुरक्षित राख्नका लागि गरिएका क्रियाकलाप अनुभावका शृङ्खला बनेर आएका छन् । कथामा आएको विषय र यसमा रहेको भाषिक संरचनाले प्रसाद गुणसँग सम्बन्धि छन् । कथामा प्रयोग भएको भाषाशैलीको संरचनालाई हेर्दा सबै प्रकारका पाठकको मनलाई आकर्षित गर्ने कला सन्निहित छ । सबै पाठकका क्षमतासँग जोडिने भाषाको प्रयोगबाट पनि कथाको शिल्प प्रसाद गुणसँग अनुबन्धित भएको देखिन्छ । सबै प्रकारका रस तथा रचनामा प्रसाद गुणको प्रयोग पाइन्छ (विश्वनाथ, सन् १९७७, पृ.२६६) । भावगत दृष्टिले पनि आफ्नै घरमा असुरक्षित बनी जीवन बचाउनका लागि कथाका प्रमुख पात्रले गरेको सङ्घर्षबाट चित्तको विकास हुन पुगेको छ । कथामा प्रयोग भएका सरल वाक्य तथा सहज बोधगम्य अभिव्यक्ति कलाले पनि प्रसाद गुणको प्रधानता पुष्टि गरेका छन् । भय स्थायीभावसँग सम्बन्धित विचार पाठकमा सम्प्रेषण गर्न सक्ने सामर्थ्य कथामा पाइन्छ । कथाले त्रास र असुरक्षाको मारबाट पीडित नेपालीहरूको वास्तविक अवस्थाको प्रस्तुति दिएको छ । भयभावलाई तीव्र बनाउन सक्ने विचारको शृङ्खला तथा भाषाको प्रयोग भएका कारण कथामा प्रसाद गुण पाइन्छ । यसैले चित्तको विकास, भाषिक शिल्प तथा वैचारिक सहज बोधगम्यताले नै कथालाई प्रसाद गुणयुक्त बनाएका छन् ।

## रसाभिव्यक्ति

'बन्द ढोका र समय' कथामा भय स्थायीभाव मुख्य बनेर प्रकट भएको छ । नन्दा र उसको श्रीमान्ले आफ्नै घरमा भोगेका घटनाले भयानक अवस्था सृजना गरिदिएको छ । रातको समयमा

एकाएक हतियारधारीद्वारा घेरिएर बस्नुपर्ने तत्कलीन नेपाली समाजले भोगेको अवस्था कथामा आएको छ । यस्तो अवस्थाले भयावह परिस्थिति निर्माण गरिदिएको छ । कथामा चित्रण गरिएका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भय स्थायीभावलाई पुष्टि गरेका छन् । यस कथामा आलम्बन विभाव तथा उद्दीपन विभावका माध्यमबाट भय सृजना गर्ने कार्य भएको छ । प्रस्तुत कथामा बाबुआमाले छोराछोरीलाई बचाउनका लागि गरेका प्रयत्नमा वत्सल भावको अभिव्यक्ति पाइन्छ भने हतियारधारीले गाउँमा रूपसराको श्रीमान्लाई हत्या गरेको कथा प्रसङ्गमा शोक भावको अभिव्यक्ति भएको छ । त्यस्तै रूपसराको श्रीमान्को लासमा झिँगा भन्किएको कथामा जुगुप्सा (घृणा) भावको अभिव्यक्ति पाइन्छ । कथामा वत्सल, शोक, जुगुप्सा भावहरू पनि आएका छन्; यद्यपि यी भावहरूले अङ्गीभावका रूपमा रहेको भयलाई नै परिपुष्टि गरेका छन् । कथामा प्रकट भएका वत्सल, शोक, जुगुप्सा अङ्गभाव बनेका छन् । कथामा नन्दा र उसको श्रीमान्ले भोगेका घटनाले भय भावलाई सङ्केत गरेका छन् । आफ्नै घरमा पनि असुरक्षित रहेर रातभर जीवन बचाउनका लागि सङ्घर्ष गर्नुपर्ने परिस्थितिले भय स्थायीभावलाई भयानक रसका रूपमा अभिव्यक्त हुनका लागि सहयोग पुऱ्याएको छ । रातको समयमा घरमा घेरा हाल्ने, ढोका हान्ने जस्ता घटनाको प्रत्यक्ष सम्बन्ध भयसँग रहेको छ । कथामा स्थायीभावका रूपमा रहेको भय भावले परिपुष्ट स्वरूप प्राप्त गरी भयानक रसका रूपमा अभिव्यक्त हुन पुगेको छ ।

'बन्द ढोका र समय' कथामा ग्रामीण नेपालीहरूले युद्धको अवस्थामा भोगेका पीडाहरूको अभिव्यक्ति दिइएको छ । नेपाली समाजलाई आधार भूमिका रूपमा ग्रहण गरी लेखिएको विश्लेष्य कथामा युद्धको सन्त्रासमय वातावरणको चित्रण गरिएको छ । नन्दा र उसको श्रीमान्को केन्द्रीयतामा अगाडि बढेको प्रस्तुत कथामा युद्धको सन्त्रासमय वातावारण उद्दीपन विभावका रूपमा आएको छ । नन्दा र उसको श्रीमान् तथा कथाका अन्य आलम्बनहरूले गरेका कायिक, वाचिक, सात्त्विक र आहार्य क्रियाकलाप अनुभावका रूपमा प्रकट भएका छन् । भयअङ्गी भाव रहेको प्रस्तुत कथामा वत्सल, शोक तथा जुगुप्सा भावहरू अङ्ग बनी आएका छन् । व्यभिचारीभावहरूले भय स्थायीभावलाई परिपुष्ट गरेका छन् । भय स्थायीभाव भयानक रसमा अभिव्यक्त हुन पुगेको छ । नेपाली समाजले युद्धका वेलामा कतिसम्म त्रासद अवस्था भोग्नुपरेको थियो भन्ने सत्यको अभिव्यक्ति पनि कथामा भएको छ । ग्रमीण समाजका मानिसले भोग्नुपरेका त्रासद अवस्थाका माध्यमबाट युद्ध कसैको पनि अनुकूल हुन नसक्ने विषय प्रस्तुत भएको छ ।

## निष्कर्ष

महेशविक्रम शाहको छापामारको छोरो कथासङ्ग्रहमा सङ्कलित 'बन्द ढोका र समय' कथा भय स्थायीभाव प्रकट भएको उत्कृष्ट कथा हो । यसमा नेपाली समाजले युद्धको क्षणमा भोगेको कहालीलाग्दो अवस्थासँग जोडिएको सन्दर्भलाई विषयका रूपमा चयन गरिएको छ । आफ्नै घरमा रातको समयमा नेपाली जनताले कतिसम्म त्रासद अवस्था भोगेका थिए भन्ने कुराको प्रस्तुति कथामा पाइन्छ । नन्दा र उसको श्रीमान्ले भोगेको जीवन निकै भयावह रहेको छ । युद्धको अवस्थामा नेपालका ग्रमीण जनताहरू सरकार र युद्धरत पक्षको चपेटा परेर निकै कष्टकर जीवन बिताएका थिए भन्ने विषयलाई स्पष्ट पार्ने किसिमको अभिव्यक्ति कथामा दिइएको छ । यस कथामा आएका पात्रको जीवन अवस्थासँग जोडिएको भय स्थायीभावलाई परिपुष्टि गर्ने किसिमका विभाव, अनुभाव, व्यभिचारीभाव कथामा आएका छन् । कथामा आएका यिनै विभाव, अनुभाव र व्यभिचारीभावद्वारा परिपुष्ट बनेको भय स्थायीभाव भयानक रसका रूपमा

अभिव्यक्त भएको छ ।

**कृतज्ञता ज्ञापन**

नेपाल संस्कृत विश्वविद्यालयकै पहिचान बहन गर्ने अनुसन्धानमूलक विज्ञ समीक्षित पत्रिका 'हैमप्रभा' प्रकाशनका क्रममा सहयोग गर्नुहुने सम्पादक मण्डल तथा लेखको मूल्याङ्कन गरी परिमार्जनको मार्ग प्रशस्त गर्नुहुने आदरणीय समीक्षकप्रति हार्दिक अभार प्रकट गर्दछु ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०५०). *पूर्वीय समालोचना सिद्धान्त.* (पाँ.संस्क.). साझा प्रकाशन ।

आनन्दवर्धन (सन् २०१३). (टीकाकार विश्वेश्वर). *ध्वन्यालोक.* (ते.संस्क.). ज्ञानमण्डल लिमिटेड ।

आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत हिन्दी कोश.* (दो.संस्क.). मोतीलाल बनारसीदास ।

उपाध्याय, केशवप्रसाद (२०५५). *पूर्वीय साहित्य सिद्धान्त.* (ते.संस्क.). साझा प्रकाशन ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका.* (दो. संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, प्रेमप्रसाद (२०७७). *महेशविक्रम शाहका कथामा रस.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

नगेन्द्र (सन् १९७४). *रससिद्धान्त.* (ते.संस्क.). नेसनल पब्लिसिङ हाउस ।

भरत (२०५७). *हिन्दी नाट्यशास्त्र.* (टीकाकार बाबुलाल शुक्ल).(ते.सं.). चौखम्भा संस्कृत संस्थान ।

भानुदत्त (सन् १९८८).*रसतरङ्गिणी.* (टीकाकार उर्मिला शर्मा) परिमल प्रकाशन ।

मम्मट (सन् १९६०). *काव्यप्रकाश.* (व्याख्याकार श्रीनिवास शास्त्री). साहित्य भण्डार ।

मम्मट (सन् २०१४). *काव्यप्रकाश.* (टीकाकार विश्वेश्वर). (छै.सं.). ज्ञानमण्डल लिमिटेड ।

विश्वनाथ (सन् १९७७).*साहित्यदर्पण.* (टीकाकार शालिग्राम शास्त्री). (न सं.). मोतीलाल बनारसीदास ।

विश्वनाथ (सन् २००८). *साहित्यदर्पण* (१-६). (व्याख्याकार लोकमणि दाहाल).चौखम्बा सुरभारती प्रकाशन।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* (दो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

शाह, महेशविक्रम (२०६४). *छापामारको छोरो.* (चौ संस्क.). साझा प्रकाशन ।